# नेपालमा शैव र बौद्ध धर्मको समन्वय

–चूडानाथ भट्टराय

मनुष्यले धर्मको खोजपूर्ण सिद्धान्त निकालेर पशुसमाजबाट आफू एक तह माथि उठ्यो । अनि धर्मो हि तेषामधिको विशेषः भन्ने कुराको पूरा पुष्टि भयो । धर्म, यो यति ठूलो पुरुषार्थ भयो जसको पञ्जाभित्र सारा विश्व खुकुलैसित अटायो । वर्णाश्रमधर्मपछि आर्यहरूले त्यसकै ज्ञानकाण्डको विस्तृतरूपमा प्रचार गरी वर्णाश्रमभित्र रहेको रूढींबूढीलाई हटाउँदै लगे । ज्ञान सबैको साजा हुन्छ भन्ने क्रान्ति बुद्धबाट शुरू भयो र स्त्री शूद्र पनि प्रव्रज्यामा दीक्षित हुन पाए । अब यति मौलिक भेदले गर्दा एउटा रेखाको फरकमा धर्मको रूपमा आकाशजमीनको भिन्नता देखापर्‍यो । वर्णाश्रमका आधार बेदको घोरविरोधी बुद्धत्तरह हामी कसैलाई पाउंदैनौं । वेदमा अश्वमेघ आदि हिंसामा आधारित सारा कर्मकाण्ड बौद्ध धर्ममा तिरस्कृत, लाञ्छित गरियो ।

संघारामको पृष्ठभूमि त ब्रह्मचर्याश्रमकै हो, तर त्यहां स्त्रीपुरुषको साहचर्य्य रह्यो । प्राकृतिक नियमको यौन आकर्षणबाट दुवै धेरै दिन सम्म बच्न सकेनन् । यसरी कामको विरोधमा सफल भएका मारजित् बुद्धको धर्म कामकलाको प्रश्रय दिंदै चक्र संवर आदिको प्रचारक र प्रसारक भयो । यसको राम्ररी व्याख्या मैले भिन्नै गरेको छु ।

सनातनीलाई हामी नेपाली शैव भन्दछौं यसको अर्थ वैष्णव धर्मको विरीधी धर्म भन्ठान्नु हुंदैन । वीर शैव र वीर वैष्णवको काटाकाट पाइन्छ । भारतमा शैव र वैष्णवको पनि ठूलो संघर्ष रह्यो । तर नेपालमा सबैलाई रसायन बनी तन्त्रले जोडेको छ । नेपाल त्यस मध्ये पनि काठमाण्डौं त मन्दिरमय शहर भनेमा अत्युक्ति हुंदैन । यहां हरेक मन्दिरमा भिन्नाभिन्नै वैशिष्ट्य छ । यहां बेग्लाबेग्लै परम्परा छ तर यति विभेदमा पनि एउटा एकता छ त्यो हो तन्त्रको प्रभाव । एउटा दर्शनको आधार छ त्यो हो "कामस्तु कीलकः प्रोक्तः पुरुषार्थचतुष्टये" ।

तन्त्रमा दुई हांगा छ, एक दक्षिणमार्ग अर्को वाममार्ग । दक्षिण मार्गमा वेदको अनुकूल गरी पूजाको परम्परा चलेको छ । यसको दर्शनमा पनि प्रायः त्यही छाप परेको छ । तर वाममार्गमा पंचमकार जुन मद्य, मांस, मैथुन, मीन, मुद्राबाट क्रियाकलापको संचालन गरिन्छ । र त्यसभित्र कीलिकलाई चक्र संवरमा पूर्ण छुट दिइन्छ । त्यसबाट प्रभावित छ । यसरी तन्त्रको दुई नै परम्परा यहां हामी पाउंछौं । जस्तो पशुपतिनाथको शिरमा श्रीचक्रको पूजा र गुह्येश्वरीमा बायां हातबाट देवीको अर्चना । यही छोटकरीमा दुबै संप्रदायको प्रचलनको दिग्दर्शन हो ।

बज्रयान र महायानको पृष्ठगामी नेपाली बौद्धहरूले तन्त्रका पछि लाग्नु पनि आवश्यक नै प्रतीत हुन्छ किनभने यही दुई यानको वरदान रूपमा वाममार्गको प्रस्फुरण भयो भन्ने धेरै विद्वान्को भनाइ केही अंशमा सत्य जस्तो पनि मलाई लाग्छ । नेपालमा यसरी सनातनी र बौद्धलाई नङमासु गरी मिलाएर यही धर्मका विद्वान्हरूले राखे यो ज्यादै महत्वपूर्ण कुरा छ ।

यहां सनातनीहरूले बौद्धको तान्त्रिक देवतालाई आफ्नो रूपमा पुजेका छन् जस्तै संकटा (टेबहालमा) । कुनै रोषणको रूपमा छन् जो संभोगावस्थाको एक देवताको चक्र संवरात्मक रुप हो त्यहां एकता कायम छ । फेरि महाकाल (टुंडिखेलमा) यी पनि बौद्धको तान्त्रिक देवताको ध्यानमा पाउंछौं, त्यहां दुबै धर्मावलम्बीहरूको ऐकमत्य छ । फेरि यता सनातनीहरूको गुह्येश्वरी मन्दिरमा बौद्ध धर्मावलम्बीहरूको श्रद्धा अक्षुण्ण छ । दक्षिणकालीमा र भद्रकालीमा हामी भेद पाउदैनौं आराधना गर्दा । असनमा एकथरी अन्नपूर्णाको कलशको

टिम्बाहरूको भारवहनक्षमताको अनुपातको आधारमा मात्र गर्नू । टिम्बाका केही तल तामाका पाताको बीचमा कमल लेखेको देवता, वेदि वा अग्निकुण्डबराबरको राम्रो चंदुवा जड्नू ।

मण्डपको मध्य केन्द्रविन्दुमा बीच पर्ने गरी माझमा ८ हात समचतुरस्र बराबर चारपाटे १ हात ऊचो स्थण्डिल बनाउनू ।३ वप्र र त्यसका वरिपरि १ हातमा ३ अंगुल गहीरो वेदि बनाउनू । होमकर्म मुख्य छ भने पूर्वपट्टि मूल देवताको वेदि, नेर्ऋत्यमा वास्तुवेदि, ईशानमा गृहवेदि बनाउनू । यी सबै वेदिमा वप्र हुनुपर्छ । वेदि खन्नुपर्दैन । प्रमाणबमोजिम चँदुवा टाङ्नू ।